# खोटाङ जिल्लाको

# दोस्रो आवधिक जिल्ला विकास योजनाको प्रारुप

# २०७३/७४–२०७५/७६

पेश गरिएको :

## जिल्ला विकास समितिको कार्यालय

## खोटाङ

पेश गर्ने :

## सेमिड नेपाल (CEMID), ललितपुर

२०७३ असार

**विषय सूची**


१. जिल्ला विकासको दीर्घकालीन सोंच (Long Term Vision) २

२. जिल्ला विकासका निर्देशक सिद्धान्त (Guiding Principle) २

३. जिल्ला विकासको समष्टीगत लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति २

३.१ लक्ष्य(Goal) २

३.२ उद्देश्य २

३.२.१ प्रमुख उद्देश्य(Prime Objective) २

३.२.२ विशिष्ट उद्देश्यहरू (Objectives) २

३.३ प्राथमिकताका क्षेत्रहरू ३

३.४ समष्टिगत रणनीति ३

३.५ विषय क्षेत्रगत रणनीतिहरू ४

३.५.१ आर्थिक क्षेत्र ४

३.५.२ सामाजिक विकास क्षेत्र ६

३.५.३.भौतिक पूर्वाधार क्षेत्र ८

३.५.४ वन, वातावरण तथा बिपद् व्यवस्थापन ९

३.५.५ सुशासन तथा संस्थागत विकास क्षेत्र १०

३.६ सूचक खाका ११

**१.जिल्ला विकासको दीर्घकालीन सोंच (Long Term Vision)**

श्रृजनशील खोटाङको चाहना ! समतामूलक, आत्मनिर्भर र समृद्ध समाजको स्थापना !!

**२. जिल्ला विकासका निर्देशक सिद्धान्त (Guiding Principle)**

**आजिवियो तर्जुमाका निर्देशक सिद्धान्त**

१) आर्थिक सामाजिक, साँस्कृतिक, वातावरणीय र समन्यायमाआधारित समावेशी विकासको स्थानीयकरण ।
२) मानव अधिकारको सिद्धान्त, मूल्य र मान्यता अनुरुप अधिकारमा आधारित विकास प्रणालीको प्रवर्द्धन ।
३) संविधानमा व्यक्त भएका राज्यका नीति निर्देशक सिद्धान्तर नीति अनुकूल स्थानीय नीति, रणनीति तर्जुमा ।
४) दिगो र फराकिलो आर्थिक विकास ।
५) वातावरण संरक्षण, संतुलन र सदुपयोगमा जोड ।
६) कृषि, भौतिक पूर्वाधार, जलश्रोत, बन, वातावरण र पर्यटन उद्योगमा प्राथमिकता, ।
७) स्थानीय श्रोत, साधन र सीपको उपयोगबाट रोजगारी र आय आर्जनका अवसरहरूमा वृद्धि ।
८) परम्परागत ज्ञान,शीप र आधुनिक प्रविधिको भरपुर उपयोग र संयोजनबाट मानव संसाधनको विकास ।
९) प्राकृतिक सम्पदा, कला, साहित्य र संस्कृतिको संरक्षण, प्रवर्द्धन र सदुपयोग ।
१०) बैदेशिक रोजगारीबाट प्राप्त सीप र विप्रेषणलाई उत्पादनशील कार्यमा उपयोग ।
११) विकासका लागि स्थानीय सरोकारवाला र विकास साझेदारबीच समान सोंच, समझदारी, सहकार्य, सम्वाद र सहमतिमा प्रतिबद्धता ।
१२) जनतामा पुऱ्याइने सेवा तथा सुविधालाई सहज, भरपर्दो, पारदर्शी एवं स्तरीय तुल्याउने ।
१३) समतामाआधारित समावेशी विकासको प्रवर्द्धन ।
१४) जिल्ला विकासमा विषय क्षेत्रगत तथ्यांक, सूचना तथा संचार प्रविधिको उपयोग एवं सदुपयोग ।
१५) जिल्ला विकास प्रकृयामा नागरिक निगरानीको प्रवर्द्धन ।

**३. जिल्ला विकासको समष्टीगत लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति**

**३.१ लक्ष्य(Goal):**

खोटाङवासीको आर्थिक तथा सामाजिकस्तरमा उल्लेखनीय सुधार भई समतामूलक, आत्मनिर्भर र समृद्ध समाजको स्थापना भएको हुनेछ ।

**३.२उद्देश्यः**

**३.२.१ प्रमुख उद्देश्य(Prime Objective)**

विकास सहयोगी पूर्वाधारहरूको विस्तार गरी कृषिको व्यवसायीकरण, पर्यटन, उद्योग, बन तथा वातावरणको प्रवर्द्धन, रोजगारी सृजना, शिक्षा तथा स्वास्थ्यको गुणात्मक विकास एवं मानव संसाधनको प्रवर्द्धन गर्दै समन्यायमा आधारित दीगो तथा फराकिलो विकासका माध्यमबाट जिल्लावासीको आर्थिक तथा सामाजिकस्तरमा सुधार गर्ने ।

**३.२.२ विशिष्ट उद्देश्यहरू(Objectives)**

(१) कृषि, जलश्रोत, वन र पर्यटन क्षेत्रमा विद्यमान सम्भावनाहरूको उपयोग गरेरउद्योग, व्यापार र व्यवसायलाई प्रवर्द्धन गर्दै रोजगारी तथा आय आर्जनका अवसरहरूकोबृद्धिगरी स्थानीय जनताको आयस्तरमा सुधारगर्ने ।

(२) शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, महिला, बालबालिका लगायत लक्षित बर्गकोसशक्तिकरण जस्ता आधारभूत सामाजिक सेवाहरूको उपलब्धताबाट समावेशी र समतामूलक विकासलाई संस्थागत गर्दै स्थानीय नागरिकको सामाजिकस्तर अभिवृद्धि गर्ने ।

(३) यातायात, बिद्युत, संचार, सिँचाइ, आवास तथा बस्ती विकास लगायतका भौतिक पूर्वाधारको विकास तथा विस्तारबाट जिल्लाका सबै बस्तीहरूलाई बसोवास गर्न आकर्षक र उत्पादन तथा उद्योग व्यवसाय गर्न सुविधायुक्त बनाउने ।

(४) जिल्लामा उपलब्ध प्राकृतिक स्रोत तथा जैविक विविधता र बनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग, जलवायु परिवर्तन अनुकुलन, भू-क्षय तथा विपद् जोखिम न्यूनीकरण एवं वातावरणमैत्री दीगो विकास प्रवर्द्धन गर्ने ।

(५) सबै सरोकारवालाको अर्थपूर्ण सहभागितामा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन, नतीजामा आधारित समयवद्ध अनुगमन तथा मूल्यांकन प्रणाली, एकीकृत तथ्यांक तथा सूचना व्यवस्थापन एवं पारदर्शीता र उत्तरदायित्व लगायत सुशासनका मूल्य र मान्यताको अनुसरण गरी संस्थागत विकासको माध्यमबाट सेवा र सुविधालाई सहज तुल्याउने ।

## ३.३ प्राथमिकताका क्षेत्रहरू

१) कृषि तथा पशुपंक्षी क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र बजारीकरण ।
२) पर्यटन पूर्वाधारको विकास र मानवीय क्षमता प्रवर्द्धन ।
३) जलस्रोत, खानी, वनजन्य क्षेत्रको उत्पादन बृद्धि ।
४) घरेलु तथा लघुउद्यमको विकास एवं विस्तार ।
५) भौतिक पूर्वाधार (सडक, विद्युत, सञ्चार र सिँचाइ),विकासमा तिव्रता ।
६) आधारभूत शिक्षा, स्वास्थ्य र पोषण, खानेपानी तथा सरसफाई ।
७) तथ्यांक, सूचना तथा सञ्चार क्षेत्रको संस्थागत सुदृढीकरण ।
८) महिला एवं लक्षितवर्गको क्षमता विकास तथा सशक्तिकरण ।
९) आन्तरिक आयको बृद्धि ।
१०) बालमैत्री स्थानीय शासनको प्रवर्द्धन ।
११) सेवाग्राहीमैत्री विकास प्रशासन,संस्थागत सुधार र सुशासन प्रवर्द्धन ।
१२) प्राकृतिक स्रोत, वातावरणसंरक्षण र विपद् व्यवस्थापन ।

## ३.४ समष्टिगतरणनीति

१) जिल्लाको संभावनाको पहिचान गर्दै समृद्धिको प्रयासमा तिनको भरपुर उपयोग गर्ने ।

२) नेपालको संविधानले प्रत्याभूत गरेका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय र समन्यायमाआधारित समावेशी विकासका नयाँ आयामलाई योजना तर्जुमा प्रकृयामा समावेश गर्ने ।

३) मानव अधिकारको सिद्धान्त, मूल्य र मान्यता अनुरुप सुरक्षा, न्याय र विकासको प्रवर्द्धन गर्दै समतामूलक समाजको विकास क्रमलाई अगाडि बढाउने ।

४) दीगो र फराकिलो आर्थिक विकासको राष्ट्रिय लक्ष्य प्राप्तिलाई यस आजिवियोले सहयोग पुऱ्याउने।

५) कृषि, भौतिक पूर्वाधार, जलश्रोत, बन, वातावरण र पर्यटन उद्यमलाई जिल्ला विकासको आधारस्तम्भको रुपमा अपनाउने ।

६) स्थानीय श्रोत साधन र सीपको उपयोगबाट वस्तु तथा सेवाहरूको उत्पादन बढाउन रोजगारमूलक आय आर्जनका अवसरहरूमा वृद्धि गरी जनताको सामाजिक-आर्थिक जीवनस्तरमा सुधार ल्याउने ।

७) जिल्लावासीको नयाँ सोच, माग र आवश्यकताका आधारमा नतिजामूलक योजना प्रकृया अवलम्वन गरी विकास प्रयासमा सहभागिता, साझेदारिता र स्वामित्व प्रवर्द्धन गर्ने ।

८) वैदेशिक रोजगारीबाट प्राप्तहुने विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रोत्साहनगर्ने ।

## ३.५ विषय क्षेत्रगत रणनीतिहरू

### ३.५.१ आर्थिक क्षेत्र

१) खेतीयोग्य जमीनमा सिचाई सुविधा पुऱ्याउन सम्भाव्य सबै उपायहरूको उपयोग गर्ने ।
२) जिल्लाको जलवायु तथा माटो सुहाउँदो बाली छनोट गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धिगर्ने ।
३) पशुपंक्षीजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी पशुपंक्षी व्यवसायद्वारा जिल्लालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउने ।
४) कृषि तथा पशु पंक्षीपालनमा संलग्न कृषक तथा उद्यमीहरूलाई सीप, सामग्री, प्रविधि र पूँजीसहज उपलब्ध गराई प्राप्त अनुदान वितरणलाई पारदर्शी बनाउने ।
५) कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व बढाउँदै खाद्य सुरक्षा तथा पोषणमा जिल्लालाई आत्म निर्भर बनाउने ।
६) उत्पादन सहयोगी सिँचाइ, सडक, शितभण्डार, संकलन केन्द्र र थोक बजार जस्ता पूर्वाधार निर्माणबाट कृषि तथा पशुपंक्षीजन्य व्यवसायलाई सहयोग पुऱ्याउने ।
७) कृषकको पायक पर्ने ठाउँमा प्राविधिक, बिउ, मल, औजार, उपकरण, पूँजीको प्रबन्ध गरी कृषिलाई यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने ।
८) कृषि बाली तथा पशु बीमा कार्यक्रम लागु गर्ने ।
९) गाउँघरमै आधारभूत कृषि प्रविधि तथा प्रसार सम्बन्धी ज्ञान तथा पशुस्वास्थ्य सम्बन्धी सीप पुऱ्याउन अगुवा कृषक/पशुस्वास्थ्य कार्यकर्ता तालिम बिस्तार गर्ने ।
१०) नगदे वाली तथा तुलनात्मक लाभको बाली पहिचान गरी सम्भाव्य पकेट क्षेत्रको छनौट गरी उपयुक्त बालीको प्रवर्द्धन गर्ने ।
११) मध्य पहाडी लोक मार्ग लगायत निर्माणाधिन र सम्पन्न लोकमार्गको वरिपरि व्यवसायिक खेतीप्रणालीको प्रवर्द्धन गर्ने ।
१२) कृषक समूह गठन, क्षमता विकास र परिचालनमा जोड दिने ।
१३) बीउ बिजन, फलफूल विरुवा तथा डाले घाँसको बीउ विरुवा जिल्ला भित्रै उत्पादनको लागि नर्सरी श्रोत केन्द्रको स्थापना गर्ने ।
१४) कृषि संरचना, शिक्षा तथा संचार प्रविधिको भरपूर उपयोग गर्ने ।
१५) उन्नत जातका गाई, भैंसी, बाखा, बंगुर, कुखुरा उपलब्ध गराई पशु पंक्षी पालनलाई व्यवसायीकरण गर्ने ।
१६) कृषि उपजहरूको प्रशोधन तथा बजारीकरणका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
१७) उत्पादन सहयोगी पूर्वाधारको रुपमा रहेको सिँचाइलाई सबै कृषियोग्य जमिनमा पुऱ्याउन स्थान बिशेषका लागि उपयुक्त विकल्पलाई (लिफ्ट सिँचाइ, कुलो/नहर, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी, बर्षात्को पानी संकलन पोखरी, थोपा सिँचाइ, बर्षा पम्प आदि) अपनाउने ।
१८) बाँझो जमिन व्यवस्थापनका लागि चीया, कफी, अम्लिसो, डाले घाँस, बाँस, फलफूल खेती आदिको व्यापक रोपणलाई प्रबर्द्धन गर्ने । यसका लागि करार खेती, कबुलियत वा सामुहिक खेती पद्धतिकोविकास गर्ने ।
१९) प्राङगारिक खेती हुने जिल्लाको रुपमा विकास गर्न बढावा दिने ।
२०) मौसमी, बेमौसमी ताजा तरकारी उत्पादनलाई जोड दिने ।
२१) एक घर एक बगैंचा, एक गाउँ एक उत्पादन र एक जिल्ला एक चिनारीको अभियान चलाउने ।
२२) बिदेशबाट फर्केका वा स्वदेशकै युवाहरूलाई कृषि बाली वा पशुपक्षी उत्पादनका लागि व्यावसायिक योजनाका आधारमा लगानी प्रणाली विकास गरी सरोकारवालाहरूको समन्वयमा संचालन गराउने ।

२३) दुध तथा दुग्ध पदार्थ, मासु तथा अण्डा र फलफूल तथा तरकारी उत्पादनलाई पोषण सुरक्षाको भरपर्दो आधारको रुपमा नागरिकलाई अभ्यस्त बनाउन जनचेतना प्रवर्द्धन गर्ने ।

२४) कृषि क्षेत्रमा जलवायु परिवर्तन अनुकुलनका लागि जनचेतना अभिबृद्धिका साथै स्थान बिशेष सुहाउँदा उपयुक्त प्रबिधिहरूको प्रसार गर्ने ।

२५) जिल्लाको समग्र कृषि तथा पशुपक्षीविकासका लागि अन्य क्षेत्रका गुरुयोजना जस्तै छुट्टै जिल्ला गुरुयोजना बनाई कार्यान्वयन गर्ने ।

२६) जिल्लाको औद्योगिक विकासका लागि दिर्घकालीन रणनीतिक दृष्टिकोण सहितको गुरुयोजना तयार गरी सो को कार्यान्वयन गर्ने ।

२७) जिल्लामा उपलव्ध स्थानीय कच्चा पदार्थहरू, सञ्चालनमा रहेका उद्योगहरू, सम्भाव्य उद्योगहरू र सीप तथा प्रविधिको उपलव्धता सम्वन्धी विवरण समावेश गरिएको औद्योगिक प्रोफाइल तयार गर्ने।

२८) आवश्यक सीप तथा स्थानीय कच्चा पदार्थको उपलव्धताको आधारमा सम्भाव्यता हेरी औद्योगिक ग्रामको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

२९) ग्रामीण भेगमा कृषि, गैह्र काष्ठ बनजन्य पदार्थमा आधारित, पशुपालन, दूग्ध उद्योग, पंक्षीपालन, फलफूल तथा जडिवुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीपरअनुसन्धानमासहयोगपुऱ्याउने ।

३०) घरेलु उद्योगको लागि स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्ने ।

३१) लघु उद्यमको माध्यमबाट पिछडिएका गरीब लक्षित समूहका मानिसहरूमा उद्यमशिलता विकास गर्ने र तिनमा उत्पादनशिलताको बृद्धि गर्दै स्वरोजगारका अवसरहरू सिर्जना गर्ने ।

३२) जिल्ला बाहिरबाट लगानी भित्र्याउन सुरक्षा सुविधा तथा बजारको व्यवस्था सुनिश्चित गर्ने ।

३३) स्थानीय स्तरका उद्योगहरूको उत्पादन आधारलाई विस्तार गर्न जिल्ला भित्रका एवं जिल्ला बाहिरमा मझौला एवं ठूला उद्योगहरूसँग अग्र एवं पृष्ठ सम्बन्धन (Forward and Backward Linkages) लाई बढाउनमा निजी क्षेत्रसँग पहल गरी ठूला तथा मझौला उद्योगहरूले प्रयोग गर्ने सहायक वस्तुहरू उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई सहायक उद्योग ९ब्लअर्षीबिचथ क्ष्लमगकतचष्भक०  को रुपमा विकास गरी उत्पादन गराउने व्यवस्था मिलाउने ।

३४) जिल्ला भित्र उद्योगहरूको स्थापना, सञ्चालन तथा विस्तार गरिँदा वातावरणीय स्वच्छता कायम राख्ने गरी वातावरणमैत्री बनाउने ।

३५) लघु तथा घरेलु उद्यमीहरूलाई सम्भव भएसम्म सामुदायिकस्तरमा समूहमा आवद्ध गरी उद्यमशीलता तथा सीप विकासतालीम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पूँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन जिल्लास्तरमा "एकीकृत व्यवसाय विकास सेवा" प्रदान गर्ने ।

३६) लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने पूँजी निर्माण गर्नको निमित्त त्यस्ता उद्यमीहरूलाई वचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आवद्ध हुन उत्प्रेरित गर्ने ।

३७) निर्यातजन्य वस्तुहरूको उत्पादन, उत्पादन क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक पर्ने सीप, पूँजी, प्रविधि आदि उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

३८) सहकारीको माध्यमद्वारा जिल्लावासीहरूको श्रम, सीप, पूँजी तथा स्रोतलाई संगठित रुपमा संकलन तथा परिचालन गरी आर्थिक क्षेत्रलाई चलायमान बनाउन सहयोग पुऱ्याउने ।

३९) स्थानीय सँस्कृति र प्रकृतिमा आधारित पर्यटन उद्योगलाई सुन्दर, सुरक्षित र सुविधायुक्त बनाउँदै ग्रामीण तहसम्म विकास र बिस्तार गर्ने ।

४०) सार्वजनिक निजी साझेदारीको नीतिअनुसारउद्योग तथापर्यटनव्यवसायको विकास तथा बिस्तार गर्ने ।

४१) स्थानीयस्तरमा पर्यटन विकास समिति गठन गरी पर्यटन व्यवसायलाई समन्वयात्मक रुपमा अघि बढाउने ।

४२) जिल्लाको दीर्घकालीन पर्यटन गुरुयोजना बनाउन जोड दिने ।

४३) स्थानीय उत्पादनलाई पर्यटन व्यवसायसँग आबद्ध गरी यसबाट प्राप्त लाभ स्थानीय समुदायसम्मपुऱ्याउने ।

४४) हलेसी महादेवको दर्शन लगायत धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनजिल्लाको रुपमा विकास गर्ने ।

४५) जिल्लामा अवस्थित महत्वपूर्ण भौतिक तथा जीवन्त सम्पदा र पुरातात्विक स्थलहरूको संरक्षण एवं विकास गर्ने ।
४६) जिल्लमा भित्रिने विप्रेषणलाई उत्पादनशिल क्षेत्रमा उपयोग गर्न उत्प्रेरित गर्ने ।
४७) जिल्लाको समग्र आर्थिक क्रियाकलापलाई क्रियाशिल, गतिशिल र उत्पादनशील बनाउन सञ्चार क्षेत्रसँग सहकार्य गर्ने ।
४८) जिल्लाको प्रकृति, संस्कृति र पुरातात्विक सम्पदामा आधारित पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने ।
४९) प्राकृतिक सम्पदा, कला, साहित्य र संस्कृतिको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै पर्यटन व्यवसायको विकास तथा बिस्तार गर्ने ।
५०) पर्यटकीय सुन्दरता, सुरक्षा र सुविधाका लागि आवश्यक पूर्वाधार विकासमा जोड दिने ।
५१) जिल्लामा उपलव्ध खनिज, वन र कृषिमा आधारित उद्योगहरूको विकास गर्ने ।
५२) जिल्लामा लगानीको अभिवृद्धि, रोजगारी तथा आय आर्जनका अवसरहरू सृजनागर्ने कार्यमा सरकारी क्षेत्रले सहजकर्ताको रुपमा अगुवाई गर्दे निजी क्षेत्र र सहकारी क्षेत्रको सहभागिता बढाउने ।
५३) जिल्लाबाट बैदेशिक रोजगारीमा जाने युवाहरूले हासिल गरेको सीप र जिल्लामा भित्रिने विप्रेषणलाई उत्पादनशील कार्यहरूमा उपयोग तथा लगानी गर्न प्रोत्साहित गर्ने ।
५४) ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाइरहन र शहरी पूँजीलाई उत्पादन क्षेत्रमा परिचालन गर्न स्थानीय कृषक तथा उद्यमीहरूलाई सहकारी शिक्षा दिनुका साथै सहकारीकरण गर्दै जाने ।

### ३.५.२ सामाजिक विकास क्षेत्र

१) प्रारम्भिक बाल शिक्षा तथा विकासलाई बिस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने ।
२) विद्यालय क्षेत्र विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
३) प्राविधिक शिक्षा र व्यावसायिक तालिममा अधिकाधिक युवाहरूलाई संलग्न गराउने ।
४) स्थानीय निकाय एवं समुदायलाई विद्यालय तथा प्राविधिक शिक्षालय, सञ्चालनमा सहभागी गराउने ।
५) अनौपचारिक शिक्षामा स्थानीय गैसस, संचार माध्यम, स्थानीय निकाय तथा बुद्धिजीवीलाई समन्वयात्मक रुपले क्रियाशील गराउने ।
६) शिक्षक अभिभावक एवं विद्यार्थीलाई आ-आफ्नो भूमिकामा उत्तरदायी एवं निष्ठावान बनाउने ।
७) जीवनपयोगी शिक्षा प्रवर्द्धन गर्न शीपमूलक र व्यवसायिक शिक्षामा विशेष प्रयत्न गर्नु पर्ने । अनौपचारिक शिक्षाको माध्यमद्वारा बिशेष घुम्ति कक्षा संचालन गर्ने ।
८) समाजमा बिद्यमान कुरीतिहरूलाईन्यूनीकरणगर्न सामाजिक परिचालनका कार्यक्रमहरू तथा बिद्यालय शिक्षाका कार्यक्रमहरू परिपूरकको रुपमा संचालन गर्ने ।
९) सबैको लागि अनिवार्य शिक्षाकार्यक्रम लागुगर्ने योजना तर्जुमागर्दा जिल्लाको शिक्षा सम्बन्धित वस्तुगत विवरणलाई सम्बन्धित अन्य बिषयगत विवरण (स्वास्थ्य, गाउँपालिकाको प्रोफाइल, महिला विकास आदि) सँग तालमेल मिलाई वास्तविक अवस्थाको प्रक्षेपण गरीविद्यालयसुधारयोजना (SIP)तयारगरीलागुगर्ने ।
१०) विद्यालय शिक्षामा स्वास्थ्य, सरसफाई र पोषण शिक्षालाई विशेष रुपमा प्राथमिकता दिने ।
११) १५ देखि ६० वर्षका निरक्षर प्रौढहरूलाई पारिवारिक साक्षरताको माध्यमबाट 'अभिभावकले आफ्ना बालबालिकालाई संस्कार सिकाउने, बालबलिकाले अभिभावकहरूलाई अक्षर चिनाउने' अभियानसञ्चालन गर्ने ।
१२) 'जहाँ गुणस्तरीय शिक्षक, तहाँ गुणस्तरीय शिक्षा' भन्ने नारालाई कार्यान्वयनमा ल्याउने।
१३) स्वास्थ्य सेवालाई सरल, सुलभ र प्रभावकारी बनाउन सार्वजनिक, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको साझेदारीलाई प्रोत्साहन गर्ने ।
१४) स्थानीय स्वास्थ्य संस्थाहरूलाई क्रमशः स्तरोन्नति गरी सोही अनुसार भौतिक र मानवीय स्रोत साधनको व्यवस्था गर्ने ।
१५) आयुर्वेद र अन्य वैकल्पिक स्वास्थ्य सेवाको एकीकृत विकास एवं बिस्तार गरी सर्वसुलभ बनाउने ।

१६) पोषणको स्थितिमा सुधार गर्न पोषणयुक्त खानपान नहुँदा स्वास्थ्यमा पर्ने नकारात्मक असर, पोषणका स्रोतहरू र तिनको उपभोग सम्बन्धी चेतना र ज्ञानलाई बहुक्षेत्रीय विषयको रुपमा समावेश गरी प्रभावकारी बनाउने ।
१७) स्थानीय स्वास्थ्य सेवा सुविधाको व्यवस्थापन एवं बृद्धि बिस्तारमा स्थानीय निकायको भूमिका प्रभावकारी बनाउने ।
१८) स्वास्थ्य शिक्षा, सूचना र संचार व्यवस्थापनमा जोड दिने ।
१९) विद्यमान स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार अभिबृद्धि गरिनुका साथै उपलब्ध दक्ष सेवा सुनिश्चित गर्ने ।
२०) औषधि र उपकरणको प्रभावकारी रुपले आपूर्ति तथा व्यवस्थापन गर्ने ।
२१) धामी झाँक्रीलाई स्वास्थ्य शिक्षा तालिममा सहभागी गराउने ।
२२) स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन समितिको क्षमता अभिबृद्धि गर्ने ।
२३) स्वास्थ्य शिक्षामा गैसस, सामुदायिक संघसंस्था र संचार क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्ने ।
२४) तालिम प्राप्त स्वास्थ्य कर्मीबाट प्रसूति सेवा प्राप्त गर्ने महिलाको संख्या बृद्धिगर्न स्वास्थ्य चौकी वा उपचौकीमा प्रशूति सेवाको सहुलियत थपगर्नु पर्ने ।
२५) घुम्ती स्वास्थ सेवाको संख्यामा वृद्धिगरी सो मार्फत्विशेषज्ञ सेवा उपलब्ध गराउने ।
२६) नेपाल सरकारले निःशुल्क प्रदान गर्ने औषधिको वितरण सहज बनाउने ।
२७) औषधोपयोगी जडीबुटी सम्बन्धी जनचेतना कार्यक्रममा जोड गर्ने ।
२८) स्वास्थ्य सेवाहरूको प्रवाहमा प्रभावकारिताल्याई जिल्लावासीलाई गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराउने ।
२९) सरसफाई, खाद्य सुरक्षा र पोषणयुक्त परिकार सम्बन्धी आधारभूत चेतना र ज्ञान समुदाय स्तरमा पुऱ्याउन सरकारी तथा गैरसरकारी निकायहरूलाई परिचालन गर्ने ।
३०) सबैका लागि स्वच्छ खानेपानीको आपूर्तिलाई सहज बनाउने ।
३१) साविकमा निर्माण सम्पन्न भएका तर संचालनमा हाल संचालनमा नरहेका खानेपानी योजनाको मर्मतसंभार गरी संचालनमा ल्याउने ।
३२) खानेपानीको स्रोत संरक्षणमा विशेष ध्यान दिने ।
३३) खानेपानी र सरसफाईजस्ता क्षेत्रमा कार्यरत निकाय र संघ संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।
३४) महिला, दलित, आदिवासी जनजाति र भिन्न क्षमता भएका व्यक्ति, अल्पसंख्यक र लोपोन्मुख जाति तथा विपन्न वर्ग र समुदायहरूलाई जिल्ला विकासको मूलधारमा ल्याई उनीहरूको आर्थिक, सामाजिक, मानवीय तथा सांस्कृतिक अधिकार र अवसरहरूमा सहज पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
३५) बालबालिका सम्बन्धी सेवा सुविधाहरूको बिस्तार र गुणस्तरमा सुधार गर्न सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र लगायत सबै सरोकारवालाहरू बीच सहकार्य र समन्वयलाई बिस्तार गर्ने ।
३६) बालमैत्री स्थानीय शासनको प्रबर्द्धनमा जोड दिने ।
३७) महिला, बालबालिका, युवा र ज्येष्ठ नागरिक समूहको संस्थागत विकास र परिचालनमा जोड दिने ।
३८) सीपमूलक तथा व्यवसायमूलक तालिम कार्यक्रम सञ्चालन गर्दा महिला, भिन्न क्षमता भएका व्यक्ति दलित तथा विपन्न तथा अन्य लक्षित वर्गलाई विशेष प्राथमिकता दिने ।
३९) उपभोक्ता समिति (निर्माण तथा व्यवस्थापन), विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी, सामुदायिक संस्थाका मुख्य तीन पद (अध्यक्ष, सचिव र कोषाध्यक्ष) मध्ये १ पदमा महिला हुने नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्ने ।
४०) कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनको प्रगति विवरण तयार गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रतिविम्वित हुने गरी खण्डीकृत तथ्यांक तथा सूचनाको अभिलेख व्यवस्थापन गर्ने ।
४१) विपन्न, द्वन्द्व प्रभावित, सीमान्तकृत समुदायका तथा शारीरिक अपाङ्गता भएका र जोखिममा रहेका महिला तथा बालबालिकाको संरक्षण गर्ने ।
४२) वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई महिला वर्गले नेतृत्व गर्ने साना तथा घरेलु उद्योगमा परिचालन गर्ने ।
४३) सन् २०२०सम्म खोटाङ जिल्लालाईबालबिबाहमुक्त जिल्लाघोषणागर्न रणनीतिक योजना तर्जुमा गर्ने ।

४४) बाल विवाह विरुद्धको सचेतना कार्यक्रम विद्यालयहरूमा सञ्चालन गर्ने ।

४५) परिवारका सदस्य वैदेशिक रोजगारीमा गएका कारण घरपरिवारमा उत्पन्नहुने अविश्वास, आशंका र अनमेलबाट सामाजिक सम्बन्धमा पर्न सक्ने नकारात्मक प्रभावलाई मनोपरामर्श लगायतका विधि अवलम्वन गरी न्यूनीकरण गर्ने ।

### ३.५.३.भौतिक पूर्वाधार क्षेत्र

१) जिल्लामा सञ्चालन हुने विभिन्न पूर्वाधार कार्यक्रमलाई विकास सहयोगी, उत्पादन सहयोगी र आर्थिक बृद्धिको माध्यमको रुपमा विकास र विस्तार गर्ने ।

२) व्यवस्थित सहरीकरणको लागि जिल्लाका सहरोन्मुख बस्तीहरूमा आवास तथा सहरी विकास कार्यक्रम सञ्चालन गर्ने ।

३) जिल्लालाई उर्जा उत्पादनमा आत्मनिर्भर तुल्याउन जिल्लामा उपलव्ध जल, वायु र सौर्य उर्जा विकासमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न पूर्वाधार र सुरक्षाको व्यवस्था गर्ने ।

४) सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पूर्वाधार विकास र सञ्चालन गर्ने ।

५) पूर्वाधार विकास र सञ्चालनमा वातावरणीय पक्षहरूलाई ध्यान दिने ।

६) पूर्वाधार विकास र बिस्तार कार्यक्रम सञ्चालन गर्दा तत्काल दलित, जनजाति तथा विपन्न र महिलालाई रोजगारीका अवसर प्राप्त हुने गरी विशेष ध्यान दिने ।

७) पूर्वाधार विकास तथा सञ्चालनमा स्थानीय श्रोत, साधन, श्रम र सीपको प्रयोग गर्ने ।

८) पूर्वाधार विकास आयोजना सञ्चालनमा स्थानीय समुदायको सहभागिता, अपनत्व र लाभको उपभोग सुनिश्चित गर्ने ।

९) पूर्वाधार विकास र बिस्तारमा सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन प्रणाली लागू गर्ने ।

१०) पूर्वाधार विकास र व्यवस्थापनमा स्थानीय सरोकारवालाको क्षमता विकास गर्ने ।

११) पूर्वाधार विकास कार्यक्रमलाई पारदर्शी, उत्तरदायी र विश्वासनीय गराउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने ।

१२) जिल्लाको आर्थिक गतिविधिलाई टेवा पुग्ने गरी जिल्ला सडक गुरुयोजना अनुसार निर्माण गर्ने ।

१३) जिल्लाका प्रमुख सडकमा बाह्रै महिना सवारी साधन चल्न सकिने गरी स्तरोन्नति गर्दै जाने ।

१४) जिल्लाका सडकहरूमा सुरक्षित र सर्वसुलभ यातायात व्यवस्था सञ्चालन गर्न निजी वा सामुदायिक क्षेत्रलाई प्रोत्साहन गर्ने ।

१५) सडक सञ्जालले नछोएका क्षेत्रहरूका प्रमुख पैदल मार्गमा झोलुङ्गे पुलको व्यवस्था गर्ने ।

१६) साना सिँचाइ कार्यक्रमबाट उत्पादनमा सहयोग पुऱ्याउन स्थानीय निकायले लगानी बृद्धि गर्ने ।

१७) सम्पन्न भैसकेका सिँचाइ प्रणालीहरूको नियमित तथा आवधिक मर्मतसंभार गरी व्यवस्थापन र सञ्चालनलाई दिगो, दक्ष र प्रभावकारी बनाउने ।

१८) वैकल्पिक उर्जाका माध्यमबाट ग्रामीण जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनमा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

१९) हुलाक सेवाको आधुनिकीकरण गर्ने ।

२०) धेरै पानीको माँगहुने सहरी क्षेत्र वा जिल्ला सदरमुकाममा खर्च उठनेगरी सार्वजनिक निजी साझेदारीको अवधारण अनुसार गुणयुक्त पानी वितरण प्रणालीलाई प्रोत्साहन गर्ने ।

२१) पूर्वाधार विकासमा विपद्बाट हुने जोखिम न्यूनीकरणका लागि भवन संहिता, भू-उपयोग, बस्ती विकासलाई प्रभावकारी रुपले लागु गर्ने र जोखिम न्यूनीकरणको संस्थागत विकासगर्ने ।

२२) पूर्वाधार विकास, सञ्चालन र दीगो रुपमा उपभोगको लागि भरपर्दो सूचना प्रवाह गर्न जिल्लामा संचारका माध्यमहरूसँग सहकार्य गर्ने ।

२३) सार्वजनिक निजी साझेदारी (PPP) को नीति अवलम्वन गरी पूर्वाधारको विकासमा थप लगानी परिचालन गर्ने ।

२४) जिल्ला यातायात गुरुयोजना (DTMP) लाई भू-सूचना प्रणालीसँग आबद्ध गर्ने ।
२५) स्थानीयस्तरमा जलउत्पन्न प्रकोप व्यवस्थापन तथा आपतकालीन रोकथाम एवं बचाउ कार्य गर्न विशेष महत्वका कार्यक्रमहरू सञ्चालन गर्ने ।
२६) साना सिँचाइ योजना निर्माणमा उपभोक्ता समितिलाई जिम्मेवार र उत्तरदायी तुल्याई प्रभावकारी रुपमा सिँचाइको विकास गर्ने ।
२७) सबै सिँचाइ उपभोक्ता समितिहरूलाई जिल्ला जलस्रोत समितिमा अनिवार्य दर्ता गरी कार्यान्वयन गर्ने ।

### ३.५.४ वन, वातावरण तथा बिपद् व्यवस्थापन

१) प्राकृतिक स्रोतहरूको एकीकृत तथा सहभागितामूलक रुपमा दीगो व्यवस्थापन गर्ने ।
२) जिल्लाको वन क्षेत्र योजना तयार गरी सोही योजना बमोजिम कार्यक्रमहरू सञ्चालन गर्ने ।
३) स्रोत व्यवस्थापनमा एकीकृत प्रयास गर्न सरोकारवालासँगको समन्वयलाई जोड दिने ।
४) जनस्तरमा प्राकृतिक स्रोत संरक्षणको महत्वको बारेमा जानकारी बढाउन वातावरणीय चेतना तथा सावधानी जगाउने कार्यक्रमहरू सञ्चालन गर्ने ।
५) स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा हुने स्रोत व्यवस्थापनका कार्यक्रमलाई प्राथमिकता दिने ।
६) बन स्रोतको दीगो व्यवस्थापन गर्दै वनजन्य उत्पादनको सदुपयोग गरी बनपैदावरमा आधारित उद्योगहरूको स्थापनामा जोड दिने ।
७) जलाधार क्षेत्रको संरक्षण गरेर प्रकोप न्यूनीकरण गर्ने ।
८) बन, भू-संरक्षण, वातावरण संतुलन र विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सरोकारवालाहरू जस्तै- सरकारी कार्यालय, स्थानीय निकाय, गैसस र समुदायमा आधारित संस्थाको सहभागिता र साझेदारीमा जोड दिने ।
९) प्राकृतिक स्रोतहरूको संरक्षण, सम्बर्द्धन, सदुपयोग एवं फाइदाहरूको बाँडफाँड गर्दा महिला, दलित, आदिवासी जनजाति तथा पिछडिएका वर्गको सहभागिता एवं आवश्यकतामा विशेष जोड दिने ।
१०) उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउन आवश्यक सचेतना पैरवी र निगरानी गर्ने ।
११) बन व्यवस्थापनलाई प्रभावकारी बनाउन सामुदायिक, निजी, धार्मिक तथा कबुलियती बन समूहहरूमा सुशासन अभिबृद्धि गर्ने ।
१२) बन तथा वातावरणलाई प्रत्यक्षरुपले असर पारी जैविक विविधतालाई संकटमा पार्ने खाल्का उद्योगहरू स्थापना तथा भौतिक निर्माणको कार्यलाई निरुत्साहित गर्ने ।
१३) उच्च मूल्यका जडिबुटीको व्यावसायिक खेती तथा बजार व्यवस्थापन गर्ने ।
१४) विपद् व्यवस्थापन सम्बन्धी सूचना प्रणालीलाई सर्वसुलभ र प्रभावकारी बनाउने ।
१५) विकास कार्यक्रममा वातावरणमैत्री बनाउन यसका मापदण्ड र विधि बनाई अनुशरण गर्ने ।
१६) विपद् व्यवस्थापनको लागि पूर्वतयारी गर्न उपकरण, सामग्री र दक्ष जनशक्ति प्रवन्ध गर्ने ।
१७) जिल्ला विपद् राहत कोष खडा गर्ने ।
१८) विपद् सचेतना कार्यक्रम शिक्षा, सूचना र सञ्चार सामग्रीको व्यवस्था गरी व्यापक रुपमा आयोजना गर्ने ।
१९) बन विनासका प्रमुख कारक तत्वको पहिचान गरी तिनको न्यूनीकरणका प्रविधि विकास गर्दै क्षतिकमगर्ने ।
२०) जैविक तथा पर्यावरणीय प्रणालीको संरक्षण गर्न एकीकृत भूमि तथा जलाधार क्षेत्र व्यवस्थापनलाई प्रवर्द्धन गर्ने ।
२१) वन्यजन्तुको अवैध शिकार तथा व्यापारलाई नियन्त्रण गर्ने र वन्यजन्तु तथा मानव बीचसिर्जित द्वन्द्व न्यूनीकरण गर्ने ।
२२) माथिल्लो तथा तल्लो तटीय सम्बन्ध सुदृढगर्न एकीकृत जलाधार व्यवस्थापन प्रणाली प्रवर्द्धनगर्ने ।
२३) सबै तहमा वन तथा भू-संरक्षण सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।
२४) स्थानीय समुदायको वन र पर्यावरणीय प्रणाली अनुकुलन क्षमता बृद्धि गर्ने ।
२५) जैविक विविधता, भू तथा जलाधार संरक्षण तथा व्यवस्थापनलाई कार्वन व्यापार संयन्त्रसँग सम्बन्ध कायम गर्ने ।

२६) नविकरणीय उर्जा र दिगो काष्ठ व्यवस्थापनको प्रवर्द्धनबाट कम कार्वन उत्सर्जनगर्ने संयन्त्रको विकासलाई सहयोग पुऱ्याउने ।
२७) विपद् सम्बन्धी सबै प्रकारको भरपर्दो जानकारीका लागि भौगोलिक सूचना प्रणालीमा आधारित भरपर्दो विपद् सूचना व्यवस्थापन गर्ने ।
२८) व्यवस्थित बस्ती विकास र सहरीकरणका लागि भू-उपयोग नीति, योजना र नक्सा तयार पारी कार्यान्वयन गर्ने ।
२९) पानीका मुहानहरूको संरक्षणका लागि गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने ।
३०) वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्ने ।
३१) वन क्षेत्रलाई उत्पादनमूलक क्षेत्र बनाई सो क्षेत्रको अमूल्य जडिबुटी लगायतका उत्पादनहरूलाई व्यवसायीकरण गरी आर्थिक उन्नतिको बलियो आधार बनाउने ।
३२) जिल्ला प्रशासन कार्यालय, दिक्तेल नगरपालिका तथा उद्योग वाणिज्य संघ खोटाङसँग सहकार्य एवं समन्वय गरी सदरमुकामलाई प्लास्टिक झोला मुक्त घोषणा गर्न आवश्यक पहल गर्ने ।
३३) विपद् व्यवस्थापनको लागि पूर्वसचेतना कार्यक्रमहरू गा.वि.स. स्तरसम्म विस्तार गर्नुका साथै विपद् व्यवस्थापन कार्ययोजना तयार गरी लागू गर्ने ।
३४) जि.वि.स.मा रहेको विपद् व्यवस्थापन कोषमा रकम बृद्धि गर्ने ।
३५) विपद्को समयमा सुरक्षित वासस्थानको लागि प्रत्येक गा.वि.स. र नगरपालिकामा खुला क्षेत्र पहिचान गर्ने र आधारभूत सामग्री र उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने ।

### ३.५.५ सुशासन तथा संस्थागत विकास क्षेत्र

१) बिषयगत निकाय, गैसस, गाविस तथा राजनैतिक पार्टी र जिविस बीचको सम्बन्धलाई स्पष्ट रुपले परिभाषित गरी प्रत्येकको जिम्मेवारी निर्धारण र बहन गर्ने ।
२) सरकारी निकायबाट दिइने सेवा र सुविधालाई प्रभावकारी, सरल, छिटो, छरितो, पारदर्शी, सहभागितामूलक, स्पष्ट पूर्वानुमान योग्य बनाएर जनताले सुशासनको अनुभूति गर्ने अवस्थाको सिर्जना गर्ने ।
३) गुणस्तरीय सार्वजनिक सेवा निष्पक्ष, सहज, सर्वसुलभ एवं गुणस्तरयुक्त ढंगले समयमै लक्षित समुदायले पाउने अवस्था सुनिश्चित गर्ने ।
४) स्थानीयस्तरमा लागु गरिने सार्वजनिक नीतिको तर्जुमा, कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउनका निम्ति सांगठनिक तथा मानवीय क्षमताको विकास गर्ने ।
५) स्थानीय निकायको आन्तरिक स्रोतहरूको प्रभावकारी परिचालन गरी राजस्व बृद्धि गर्ने ।
६) कर्मचारीको कामको मूल्यांकनलाई वस्तुगत बनाएर कर्मचारीलाई कार्यसम्पादन स्तर मापनका आधारमा प्रोत्साही प्रणाली लागु गर्ने ।
७) सार्वजनिक सेवा र वस्तुको गुणस्तरीय उत्पादन र सर्वसुलभ वितरण एवं प्रभावकारी नियमन गर्ने कार्यमा सहयोग पुऱ्याउन जिल्लामा अवस्थित निजी, सहकारी एवं गैरसरकारी र नागरिक समाजका संस्थाहरूको क्षमता विकास गर्ने ।
८) विकास सम्बन्धी योजना तर्जुमा, आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायत विकास व्यवस्थापनमा सरोकारवाला– विकास प्रदायक निकायहरू, विकासको प्रतिफल उपभोग गर्ने समुदाय, सहयोग पुऱ्याउने साझेदार र पैरवी र निगरानी गर्ने नागरिक समाजको भूमिका परिभाषित गरी उनीहरूको क्षमता विकास गर्दै समझदारी, समन्वय, सहभागिता, साझेदारिता र सहमतिको सँस्कृति विकास गर्ने ।
९) विकास सूचनालाई उपक्षेत्रगत, क्षेत्रगत र समष्टिगत जिल्ला सूचना प्रणालीमा विकास गर्न प्रत्येक विकास कार्यमा संलग्न निकायले आफूले गरेको विकास कार्यको सूचना सम्बन्धित उप-क्षेत्र वा क्षेत्रलाई प्रदान गर्ने, सबै सरकारी निकायले उप-क्षेत्र/क्षेत्रगत सूचनाको जिम्मेवारी र स्थानीय निकायले समष्टीगत सूचनाको जिम्मेवारी बहन गर्ने व्यवस्था गरी त्यसरी एकीकृत गरिएका सूचनालाई नागरिकको पहुँच हुने गरी नियमित रुपमा अभिलेखीकरण, प्रकाशन र प्रसारण गर्ने ।
१०) जनउत्तरदायी संगठन संरचना, दक्ष जनशक्ति, साधन स्रोत परिचालन, क्षमता अभिबृद्धि पद्धति अवलम्वन गरी जिविसको संगठनात्मक सुदृढीकरण र क्षमता विकास गर्ने ।

११) जिविस खोटाङलाई जिल्लाको नमूना सरकारी कार्यालयको रुपमा विकास गर्न विविध प्रविधिमैत्री एवं सेवाग्राहीमैत्री व्यवस्था गर्ने ।

१२) SMS, CCTV, बिद्युतीय हाजीर, नागरिक प्रतिवेदन कार्ड (Citizen Report Card), Free Wifi, प्राथमिक उपचार बाकस (First Aid Box), मोबाईल मल्टि चार्जर, स्वच्छ पिउने पानी  लगायत सेवाग्राहीमैत्री व्यवस्थाहरूका साथै'कार्यमैत्री कार्यकक्ष, हरभरा जिविस'लाई'शून्य लागत र कम लागत' (No Cost-Low Cost) नमूना कार्यालयको रुपमा जिल्ला विकास समितिलाई रूपान्तरित गर्ने ।

१३) विकासमा संचारको भूमिका र महत्व पारदर्शी बनाउन नियमित रुपमा पत्रकार भेटघाट कार्यक्रमसंचालन गर्ने।

१४) राजनैतिक दल, कर्मचारी तथा संचारकर्मीहरूको क्षमता विकासका लागि विविधकार्यक्रमहरूसंचालनगर्ने ।

१५) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता विधिहरू अपनाई जिम्मेवारी वहन र जवाफदेहिता प्रवर्द्धन गर्ने ।

१६) जिल्ला विकास समितिमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरू र गाविस सचिवहरूसँग भएको कार्य सम्पादन सम्झौतामा उच्च अंक हासिल गर्ने कर्मचारीलाई प्रोत्साहित गर्दै जाने ।

१७) आन्तरिक आय बृद्धि गर्न ढुंगा, गिट्टी, वालुवामा निकासी कर लगाउनुका साथै थप क्षेत्र विस्तार गर्न अध्ययन गर्ने।

१८) नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) लागू गर्ने ।

१९) गैरसरकारी संस्थाको क्रियाकलापलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यलाई निरन्तरता दिँदै जिविसको पूर्ण सहमति प्राप्त गरी क्रियाकलाप सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्थालाई कडाईका साथ लागू गर्ने ।

२०) सामाजिक सुरक्षा भत्ताको वितरणमा पारदर्शीता कायम गरी भत्ता वितरण प्रक्रियाको सुपरिवेक्षण तथा अनुगमन प्रभावकारी बनाउने र प्रत्येक गा.वि.स.मा सामाजिक सुरक्षा भत्ता पाउनेहरूको फोटो सहितको नामावली Flex boardमा सबैले देखिने गरी राख्ने व्यवस्था मिलाउने ।

२१) खेलकुदको विकासका लागि भौतिक पूर्वाधारहरूको निर्माण, संरक्षण र सम्बर्द्धनमा जोड दिइनेछ साथै आधुनिक रंगशालाहरू निर्माण गर्न उपयुक्त स्थलको पहिचान र सम्भाव्यता अध्ययन गर्ने ।

### ३.६ सूचक खाका

आगामी आजिवियो तयार गर्दा निम्न बमोजिमको योजना खाका (Log-Frame)प्रत्येक विषयगत क्षेत्रको लागि तयार गर्नु पर्नेछ ।

| सूचकको विवरण | ईकाई | मापनीय सूचकांक | | | पूर्वानुमान | पुष्ट्याइँका आधार/ सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| | | २०७१/७२ को स्थिति | २०७२/७३ को संसोधित स्थिति | २०७५/७६सम्मको ३ वर्षे लक्ष्य | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |